# पाखीबास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
(रोजगार सेवा केन्द्र)
पाख्रीबास, धनकुटा
२०७३
१ नं.प्रदेश नेपाल

प.सं.:-२०७८/०७९ मिति:-२०७८/११/०३
च.नं.:- १७३६

श्री १० वटै वडा कार्यालयहरु
पाखीबास नगरपालिका, धनकुटा

**विषय: बेरोजगार व्यक्तिहरुलाई फाराम भराई विवरण उपलब्ध गराउने सम्बन्धमा**

प्रस्तुत विषयमा आगामी आर्थिक वर्ष २०७९/०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत न्युनतम १०० दिनको रोजगारीमा संलग्न हुन इच्छुक १८-५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिहरुलाई यसै पत्रसाथ प्रेसित बेरोजगार दर्ताका लागि दिइने निवेदन (अनुसुची १ बमोजिमको फाराम) २०७८ साल फागुन मसान्त.भित्रमा भराई यस कार्यालयमा उपलब्ध गराइदिनुहुन अनुरोध छ।
वडा कार्यालयहरुको सहजताको लागि प्रति वडा ५० वटा फारामको हार्डकपी समेत पठाइएको र नपुग फाराम रोजगार सेवा केन्द्र पाखीबासबाट लिन सकिने व्यहोरा समेत अनुरोध छ।
थप जानकारीका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को पत्र समेत यसैसाथ संलग्न छ।

**फाराम भराउँदा ध्यान दिनुपर्ने अनिवार्य नियमहरु:**

१. बेरोजगार व्यक्ति १८ -५९ वर्ष उमेर समूहको हुनुपर्नेछ।
२. निवेदन दिने क्रममा फाराममा भएका सम्पूर्ण विवरणहरु भरेको हुनुपर्नेछ। अपूरो विवरण अनलाईन प्रविष्टि नहुने हुँदा त्यस्ता व्यक्तिहरुलाई बेरोजगार सुचीमा सुचीकृत गर्न सकिने छैन।
३ बेरोजगार व्यक्तिले फाराम भर्दा एकाघरमा बस्ने परिवारका सबै सदस्यहरुको माग भए बमोजिमको विवरण अनिवार्य रुपमा भर्नुपर्नेछ।
४. बेरोजगार व्यक्तिको फोटो र नागरिकता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
५. बेरोजगार व्यक्तिले फाराम भरिसकेपछि हस्ताक्षर सहित दायाँ बायाँ ल्याप्चे सहीछाप लगाउनुपर्ने छ।
६. अन्त्यमा सम्बन्धित वडा कार्यालयले निवेदन दर्ता गर्ने तथा वडा अध्यक्षले निवेदनको विवरण पूर्ण भएको यकिन गरी प्रमाणित गर्नु पर्नेछ।
७. संसोधित फाराम (जुन नगरपालिकाको वेबसाइट र यसै पत्रसाथ संलग्न छ) प्रयोग गर्नुपर्नेछ

सन्तोष राई
शाखा अधिकृत

पाखीबासको दृष्टि: शिक्षा, स्वास्थ्य पर्यटन र कृषि
फोन नं०२६-४०५१६५, वेबसाइट:www.pakhribasmun.gov.npईमेल:pakhribas.nagarpalika@gmail.com

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

## बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक प्रत्याभूति गराउन तोकिएको मापदण्ड पुरा गरेका नेपाली नागरिकले रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ बमोजिम आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा वा स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रमा फागुन महिना भरी आ.व. २०७९/०८० को लागि निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

### बेरोजगार व्यक्ति सूचिकरणसम्बन्धी व्यवस्था

(क) १८ देखि ५९ वर्ष उमेर समूहको हुनु पर्ने,

(ख) निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनु पर्ने,

(ग) स्वरोजगारमा संलग्न व्यक्तिको हकमा निवेदन दिँदाको मितिसम्म सोही आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी वापत प्राप्त गर्ने नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक बराबरको आय (चालु आर्थिक वर्षको सन्दर्भमा रु. ५७,७००/-) भन्दा कम आय भएको हुनु पर्ने,

### सूचीकरण प्रक्रिया

(क) रितपूर्वक प्राप्त आवेदनलाई वडा कार्यालयले छानविन गरी बेरोजगार ठहर हुने सबै मापदण्ड पुरा गरेको प्रमाणित गर्नु पर्ने ।

(ख) प्राप्त प्रमाणित निवेदनलाई स्थानीय निर्देशक समितिले थप छानविन गरी बेरोजगार व्यक्तिको अन्तिम सूची गाउँ कार्यपालिका / नगर कार्यपालिकाबाट स्वीकृतिको लागि सिफारिस गर्नु पर्ने।

(ग) कार्यपालिकाले आवश्यक भए थप परिमार्जन समेत गरी बेरोजगार व्यक्तिको अन्तिम सूची स्वीकृत गर्नु पर्ने

(घ) स्थानीय तहले बेरोजगार व्यक्तिको व्यक्तिगत विवरणलाई प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरे पछि मात्र बेरोजगार व्यक्तिको अन्तिम सूची कायम हुने, साथै प्राप्त हुन आएका नयाँ निवेदन तथा बेरोजगार व्यवस्थापन सूचन प्रणालीसँग भिडाई आधिकारीक विवरण प्राथमिकतासाथ अन्तिम सूची निर्धारण गर्ने ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

**आ०८० को लागि न्युनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना/२०७९ .व.**

चालु आर्थिक वर्ष ०७९/20७८ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका अठार बर्ष देखि उनान्साठी बर्ष उमेर समूहका बेरोजगार नागरिकले **207८ फागुन महिना भरी आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनु हुन** यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा र यस सम्बन्धी थप जानकारी स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिनेछ ।